# साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडको

## छपन्नौं वार्षिक साधारण सभाको काम कारवाहीको निर्णय विवरण

## (माईन्युट)

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडको मिति २०७९ साल फाल्गुण १४ गते आईतवार बसेको सञ्चालक समितिको १०४१ औं बैठकको निर्णयानुसार कम्पनी ऐन २०६३ र कर्पोरेशनको प्रबन्धपत्र तथा नियमावली बमोजिम छपन्नौं वार्षिक साधारण सभाका सभापति डा. नारायणप्रसाद रेग्मीज्यूको सभापतित्वमा देहाय बमोजिम सुसम्पन्न भयो ।

**सभाको स्थान, मिति र समयः**

मिति : २०७९ साल चैत्र १० गते शुक्रवार (तदनुसार २४ मार्च २०२३)

समय : दिनको १२:१५ बजे ।

स्थान : त्रिभूवन आर्मि अफिसर्स क्लव भद्रकालि,काठमाडौ ।

१ **सभाको सूचना प्रकाशनः**

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम कर्पोरेशनको छपन्नौं वार्षिक साधारण सभाको सूचना आ.व.२०७८/०७९ को वार्षिक प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण सबै शेयरधनीहरुको उपलब्ध व्यक्तिगत ठेगाना र इमेलमा पठाउनुका साथै २०७९ साल फाल्गुण १५ र १७ गतेको **"गोरखापत्र"** दैनिकमा कर्पोरेशनको छपन्नौं वार्षिक साधारण सभा हुने स्थान, समय र छलफल हुने विषयहरुको सूचना पनि शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित गरिनुका साथै कर्पोरेशनको **Website www.stcnepal.com** मा राखिएको थियो । साथै साधारण सभामा आमन्त्रित भई दिन नियमन निकायहरु नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय, नेपाल धितोपत्र वोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा पत्राचार गरिएको ।

२ **छलफलको विषयसूचिः**

(क). **सामान्य प्रस्ताव**

१. छपन्नौ वार्षिक साधारणसभाका लागि आर्थिक बर्ष २०७८/०७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि. सत्यमेव परं धमः केन्द्रीय कार्यालय, काठमाडौं

२. आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन सहित सोही आ.व.को वासलात, नाफा–नोक्सान हिसाव र नगद प्रवाह विवरण उपर छलफल गरि पारित गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारीश अनुसार आर्थिक बर्ष २०७९/०८० को वित्तिय विवरण लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक अनुमोदन गर्ने (हालको लेखापरीक्षक श्री एन अमात्य एण्ड कम्पनी चार्टड एकाउण्टेण्टस् पूनः नियुक्तिको लागि योग्य हुनुहुन्छ) ।

४. सञ्चालक समितिबाट प्रस्ताव भए बमोजिमको चुक्ता पूजिंको पाँच प्रतिशतका दरले नगद लाभांश वापत रु १,२६,७६,५६०।– वितरण गर्न स्वीकृत गर्ने ।(वोनश शेयर र नगद लाभांशको कर कट्टी नगद लाभांशबाट कट्टी गरि भुक्तानी गरिनेछ)

५. सञ्चालकहरुको बैठकभत्ता र भ्रमणभत्ता लगायत अन्य सुविधा सम्वन्धमा :

६. सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद ७ (सात) जनाको निर्बाचन गर्ने ।

(ख) **बिशेष प्रस्ताव**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कर्पोरेशनको हालको चुक्ता पूजींको १० प्रतिशतले हुने रकम रु २,५३,५३,११९।–वरावरको वोनश शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।

२. कम्पनी ऐन २०६३ को दफा १०५(१) को खण्ड (ख) बमोजिम ऋण सुविधा लिने स्वीकृति उपर छलफल गरि पारित गर्ने ।

(ग). **विविध ।**

## ३ उपस्थितिः

**संचालकहरुको उपस्थितिः**

| | | |
|---|---|---|
| डा.नारायण प्रसाद रेग्मी | : | सभापति |
| श्री मोहन प्रकाश चन्द | : | सञ्चालक |
| श्री अतुल मल्ल | : | सञ्चालक |
| श्री प्रदिप लाल श्रेष्ठ | : | सञ्चालक |
| श्री अञ्जन श्रेष्ठ | | सञ्चालक |

श्री राजेन्द्रमान शेरचन : सञ्चालक

श्री नारायणदास मानन्धर : सञ्चालक

**उपस्थित पदाधिकारी :**

श्री उर्मिला श्रेष्ठ : प्रमुख कार्यकारी अधिकृत

श्री कुमार राजभण्डारी : नायव प्रमुख कार्यकारी अधिकृत

श्री ओमशिद्धि गुभाजु : सहायक प्रमुख कार्यकारी अधिकृत (अर्थ तथा लेखा)

श्री उमेशकुमार ओझा : कम्पनी सचिव

**आमन्त्रित पदाधिकारीहरु:**

श्री उर्मिला के.सी : उपसचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

श्री शेखरवावु कार्की : उपरजिष्टार, कम्पनी रजिष्टारको कार्यालय ।

श्री मनिस अमात्य : चार्टड एकाउण्टेण्ट (एन अमात्य एण्ड कम्पनी)

४ **गणपूरक संख्या र सभाको वैधानिकता:**

| विवरण | कूल सख्या | स्वंयम् उपस्थित | प्रतिनिधि मार्फत उपस्थित | जम्मा उपस्थित | जम्मा उपस्थित भएको प्रतिनिधि प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी सख्या | ६८१७ | १४३ | ४१० | ५५३ | ७.८२ |
| शेयर सख्या | २५३५३११ | १३६९८८६ | ६२२८३१ | १९९२७१७ | ७८.६० |

उपरोक्त वमोजिम शेयरधनीहरु सभामा उपस्थित भएको हुंदा कम्पनी ऐन २०६३ दफा ७३ को उपदफा (२) तथा कर्पोरेशनको प्रबन्धपत्र नियमावली बमोजिम यो साधारण सभाको गणपूरक सख्या पुगेको र प्रचलित ऐन कानून अनुसार सभा वैधानिक भएको कुरा कम्पनी सचिव श्री उमेश कुमार ओझाले सभालाई जानकारी गराउनु भयो ।

५ **सभाको सभापतित्व:**

कम्पनी ऐन २०६३ को दफा ७४(१) र कर्पोरेशनको नियमावलीको दफा ५०(१) अनुसार कर्पोरेशनका सञ्चालक डा. नारायण प्रसाद रेग्मीज्यूले कर्पोरेशनको छपन्नौं वार्षिक साधारणसभाको अध्यक्षता गर्दै सभापतिको आसन ग्रहण गर्नुभयो ।

**६ सभा संचालन तथा आर्थिक वर्ष २०७८/२०७९ को वार्षिक प्रतिवेदन प्रस्तुतिः**

आशन ग्रहण पश्चात् सभापतिज्यूले सभाको काम कारवाही अघि बढाउने क्रममा संक्षिप्त रुपले अध्यक्षज्यूको प्रतिवेदन सहित आफ्नो मन्तब्य ब्यक्त गर्दै सभाका लागि घोषित बिषयसूचि उपर छलफलका लागि आव्हान गर्नुभयो ।

**७ छलफलको लागि सहभागी हुनेहरुः**

कर्पोरेशनको आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन लगायत वित्तिय अवस्थाको विवरण नाफा वा नोक्सानी तथा अन्य विस्तृत आयको विवरण नगद प्रवाह विवरण र इक्विटीमा भएको परिवर्तन सम्वन्धि विवरणमा आ–आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न भए सो समेत प्रस्तुत गर्न शेयरधनी महानुभावहरु समक्ष सभापतिज्यूले गर्नु भएको अनुरोध बमोजिम देहायका ११ (एघार) जना शेयरधनीहरुले छलफल क्रममा सहभागी हुनु भयो ।

१. श्री डमरुवल्लभ घिमिरे

२. श्री रोज कुमार श्रेष्ठ

३. श्री चन्द्रनारायण श्रेष्ठ

४. श्री गुणराज भट्ट

५. श्री अमिरदास रन्जित

६. श्री शिव प्रसाद पौडेल

७. श्री जयन्द्रमान सिंह वानिया

८. श्री रामगोपाल मर्हजन

९. श्री महेन्द्रबहादुर श्रेष्ठ

१०. श्री राजन श्रेष्ठ

११ श्री मानिक वलामी

**८. सहभागि शेयरधनीहरुले छलफलको क्रममा ब्यक्त गर्नु भएका जिज्ञासा एवं सुझावहरुको संक्षिप्त विवरण निम्न बमोजिम रहेको छ ।**

८.१. **जिज्ञासा :**

(क) समिक्षागत रुपमा वोनश शेयर तथा लाभांश दिन सकेकोमा धन्यवाद दिदै लगानीकर्ताको प्रमुख चासोको बिषयमा भनेको

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.
केन्द्रीय कार्यालय, काठमाडौं
सत्यमेव परं धनम्

लगानीको प्रतिफल भएकोले कर्पोरेशनको साभारणसभाबाट पारित भईसकेको लाभांश वितरणमा किन ढिला हुन गएको हो । स्पष्ट पारिदिनु हुन्छकी ?

(ख) कोरोना कहरको बिषम परिस्थितीमा पनि आपुर्ति सहज पारेकोमा धन्यवाद दिदै समिक्षा बर्षको आ.व.को ८ महिनाको तुलनामा यो बर्षको फाल्गुण महिनासम्म कारोवार घटेको छ स्पष्ट पारिदिनु हुन्छकी

(ग) कर्पोरेशनको सम्पत्तिलाई आधुनिक तथा ब्यापारिक भवन बनाई त्यसबाट प्रतिफल लिने गरी सम्पत्तिको अधिक उपयोग गर्ने तर्फ विगत बर्षहरु देखिनै ध्यनाकर्षण भईआएकोमा त्यस तर्फ के भईरहेकोछ । स्पष्ट पारीदिनु हुन्छकी ?

(घ) हाउजिङ्गमा पनि कर्पोरेशनले हात हालेको छ तर वासलातमा बिस्तृत रुपमा उल्लेख नभएको हुदा स्पष्ट पारिदिनु हुन्छकी साथै भुकम्प प्रतिरोधि घर निर्माण गरेको सो को बिक्री ब्यवस्था के भईरहेकोछ । स्पष्ट पारिदिनु हुन्छकी ?

(ङ) ब्यापार घट्दा पनि खर्चहरु बढेको सन्दर्भमा स्पष्ट पारिदिनु हुन्छकी

(च) Earnings Per Share पांच बर्षको दौरानमा २५ प्रतिशत बाट १९ प्रतिशतमा झरेकोछ किन र कसरी झर्‍यो । स्पष्ट पारिदिनु हुन्छकी ?

(छ) गोरखकालि रवर उद्योग जस्ता उद्योगहरुलाई पून: सञ्चालन गर्ने भनिएकोमा अहिलेसम्म नभएको किन स्पष्ट पारिदिनु हुन्छकी ?

(ज) देशभरी रासायनिक मलको वारेमा समस्या उत्पन्न भएको अवस्थामा कर्पोरेशनले गैर अनुदानित मल आयात गरी मलको आपूर्तिमा केही हदसम्म सहजीकरण गर्न सकेकोमा धन्यवाद दिदै गैर अनुदानित मलको आयातमा बृद्धि गरि अनुदानित मल आयात गर्न के गरिरहेकोछ ।स्पष्ट पारिदिनु हुन्छ की ?

(झ) कर्पोरेशनको वासलात हेर्दा सम्पत्तिहरुको Re Valuation भई नसकेकोले गर्दा भवनहरुका Insurance गर्दा पुरानै मुल्यमा

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि. केन्द्रीय कार्यालय, काठमाडौं

निर्धारण गरिएको हो की ? नया मुल्यमा निर्धारण भएको हो ? स्पष्ट पारिदिनुहुन्छकी ?

**सभाका सभापति डा. नारायण प्रसाद रेग्मीज्यूले शेयरधनी महानुभावहरुले कर्पोरेशन प्रति सकारात्मक अवधारणा देखाई रचनात्मक सुझाव सहितको प्रश्न राखी संस्था प्रति देखाउनु भएको सदाशयता प्रति धन्यवाद व्यक्त गर्दै कर्पोरेशनका प्रमुख कार्यकारी अधिकृत श्रीमती उर्मिला श्रेष्ठलाई शेयरधनी महानुभावहरुले उठाउनु भएको प्रश्नहरुको समूहगत रुपमा जानकारी गराउन अनुमति दिनु भए पश्चात् प्रमुख कार्यकारी अधिकृतले देहाय बमोजिमको जानकारी सभामा प्रस्तुत गर्नुभयो ।**

८.२. **जवाफ :**

(क) शेयरधनी महानुभावहरुको सल्लाह र सुझाव अनुसार विगत बर्षहरु देखि नै वोनस शेयार जारी गरेर कम्पनीको चुक्ता पुजीको संरचनामा बिशेष ध्यान दिएको विदितैछ । प्रचलित कम्पनी ऐन २०६३ को दफा १८२ को उपदफा (२) बमोजिम नेपाल सरकारको लगानी रहेका कम्पनीहरुले साधारणसभाले लाभांश पारित गरिसके पश्चात् वितरण गर्नु अगावै नेपाल सरकारको स्वीकृति लिनु पर्ने प्रावधान अनुसार स्वीकृतिको लागि तालुक मन्त्रालयमा पठाउने गरेको हो । आ.व ०७६/०७७, ०७८/०७९ को मात्र नेपाल सरकारबाट स्वीकृत हुन वांकी लाभांश स्वीकृतको लागि तालुक मन्त्रालय मार्फत आवश्यक पहल भईरहेको ब्यहोरा शेयरधनी महानुभावहरुलाई जानकारी गराउंदछौ ।

(ख) कोरोना कहरको कारण देशमा भएको निषेधाज्ञा, लकडाउन लगायतका कारणले कारोवारमा केही असर परेको छ । समिक्षा बर्षको तुलनामा यस बर्षको फाल्गुण सम्मको कारोवार घटनुको प्रमुख कारण चिनी आयातको अनुमति प्राप्न नभएको आयात गर्न नसकिएको तथा रासायनिक मलको आयातमा समसेत केही कमि भएका कारण करोवारमा असर परि कारोवार घटन गएको ब्यहोरा शेयरधनी महानुभावहरुलाई जानकारी गराउदछौ ।

(ग) कर्पोरेशनको आफ्नो सम्पत्तिलाई अधिक उपभोग गर्ने तर्फ संम्भाब्यता अध्ययन भईरहेकोछ । हामीले तत्कालै कर्पोरेशनका बिभिन्न स्थानमा रहेका जग्गाहरुमा आधुनिक भवन, भवन तथा गोदामहरु वनाउने तर्फ आवश्यक प्रकृया शुरु गर्न लागि सकेको ब्यहोरा शेयरधनी महानुभावहरुलाई जानकारी गराउंदछौं ।

कर्पोरेशनले ब्यापार विविधिकरणको नीति अवलम्वन गर्दै आफ्नो सहायक कम्पनी उपहार हाउजिङ्ग कम्पनी लिमिटेडको जग्गामा चन्द्रागिरी नगरपालिका था महादेव स्थित भुकम्प प्रतिरोधात्मक आधुनिक भवनहरु निर्माण गरिएकोछ । उक्त भवन बिक्रीको लागि आवश्यक पहल भईरहेको हुदा यंहाहरुले पनि उक्त भवनको अवलोकन गरी खरिद गर्न सक्नु हुने शेयरधनी महानुभावहरुलाई जानकारी गराउदछौ ।

यस आर्थिक बर्षमा कारोबार रकम घटेतापनि मुद्रा स्फीतिका कारणले कम्पनीको लागतमा बृद्धि हुन पुगेको छ । साथै, पछिल्ला बर्षमा इन्धनको मूल्यमा भएको तीव्र वृद्धिका कारण लागत, भ्रमण खर्च तथा अन्य आधारभूत खर्च पनि सोही अनुपातमा बढेको छ ।

यस बाहेक, कम्पनीले यस आर्थिक बर्षमा कम्पनीको शंकास्पद ऋण तथा लगानीको लागि प्रवधान पनि गरेको छ । कम्पनीको कारोबार रकम घटेतापनि खर्चमा बिद्धि देखिनुको यहि मुख्य कारण हो ।

कर्पोरेशनले आयातित बस्तुहरुको लागत बढेको र बिक्री घटेको कारण त्यसो हुन गएको ब्यहोरा शेयरधनी महानुभावहरुलाई जानकारी गराउदछौ ।

गोरखकालि रवर उद्योग र वुटवल धागो कारखाना लिमिटेड नेपाल सरकारले कर्पोरेशनलाई सञ्चालन गर्न दिएको समयमा कर्पोरेशनले सञ्चालन गरेको हो । सो पश्चात उक्त उद्योगहरु सञ्चालन आफै स्वंय कम्पनी तथा नेपाल सरकारले गरेको अवस्थामा बन्द रहेको ब्यहोरा शेयरधनी महानुभावहरुलाई जानकारी अगराउदछौ ।

कर्पोरेशनले बर्षेनी देशमा हुने रासायनिक मलको अभावलाई न्यूनिकरण गर्ने उद्देश्यले गैन्ह अनुदानित मलको आयात गरी बिक्री वितरण गर्दै आएकोछ । उक्त मलको माग बढ्दै गएको हुदा आयात तथा बिक्री परिमाणलाई बृद्धि गर्दै लगिएकोछ । नेपाल सरकारले रासायनिक मलको जम्मा कोटाको ३० प्रतिशत मात्र कर्पोरेशनलाई आयात गर्न अनुमति प्रदान गरेकोछ । जस अनुसार कर्पोरेशनले प्राप्त गरेको कोटा समय सिजन भित्रै केही परिमाणमा आयात भई

सकेको र केही आयात प्रकृया भईरहेको ब्यहोरा शेयरधनी महानुभावहरुलाई जानकारी गराउंदछौ ।

(झ) कर्पोरेशनको वासलातमा सम्पत्तिहरु पुनर्मूल्यांकीत रकममा नदेखाइएता पनि सबै सम्पत्तिको बिमा बिमक कम्पनीले हालको बजार मूल्य निर्धारीत गरी सो मुल्यमा गर्ने हुँदा सबै बिमीत रकम बजार मूल्यमै हुने गर्दछ ।

**छलफलको क्रममा व्यक्त गरिएका सुझावहरुको सूचीकरण:**

(क) ५५ औं वार्षिक साधारणसभामा दिईएका सुझावहरु क्रमश कार्यान्वयन हुदै आईरहेकोमा धन्यवाद दिर्दै समय भित्रै लाभांश वितरण गर्न सुझाव ।

(ख) अनुदानित मल सिमित भएको तर गैर अनुदानित मल समयमानै ल्याएर मलको कारोवार अझ बृद्धि गर्न सुझाव ।

(ग) साधारणसभाबाट पारित भई सकेको पुरानो लाभांश नेपाल सरकारसंग समन्वय गरि छिटो उपलब्ध गराउन तथा बुझीलिन वाकी लाभांश रकम शेयरधनीहरुलाई जानकारी गराउन सुझाव ।

(घ) पुष मसान्त भित्रै साधारणसभा गर्न सुझाव ।

(ङ) लेखापरिक्षकलाई समयमानै लेखापरिक्षण गरिदिन अनुरोध एंव सुझाव ।

(च) कर्मचारी संस्थाका खम्वा हुन उनिहरुको सुविधामा बिचार पुऱ्याई सहित हिसावमा परिचालन गरि ब्यापार बृद्धि गर्न सुझाव ।

(छ) अनुपयोगी कर्मचारीहरुलाई हायर एण्ड फायर गर्न सुझाव ।

(ज) कोरोना, आर्थिक मन्दी आदी बिभिन्न कारणले कर्पोरशेनको ब्यापार घटेको छ । त्यसमा ध्यान दिन सुझाव ।

(झ) गैर अनुदानित मल सकेसम्म मुल्यमा बिचार गरेर किसानहरुलाई उपलब्ध गराउन सुझाव ।

(ञ) कर्पोरेशनको उत्पादनको गुणस्तरमा ध्यान दिन सुझाव ।

(ट). ब्यापार विविधिकरणमा ध्यान दिन सुझाव ।

(ठ). कुनैपनि ब्यापारमा Business of Command हुन जरुरी भएकोले त्यस तर्फ ध्यान दिन सुझाव ।

(ड) ५ वर्षको तुलनामा ब्यापार तथा आम्दानी पनि घटेकोछ त्यस तर्फ ध्यान दिन सुझाव ।

(ढ). उपहार हाउजिङ्ग कम्पनी लिमिटेडबाट निर्मित घरहरु समयमानै बिक्री गर्न सुझाव ।

(ण) स्थानिय खाद्य बस्तुहरुको विक्री वितरणमा ध्यान दिन सुझाव ।

(त) कर्पोरेशनका जग्गा जमिनको पुन: मुल्याङकन गर्न सुझाव ।

(थ) कर्पोरेशनको सम्पत्तिलाई प्रतिफल आउने गरी प्रयोग गर्न सुझाव ।

(द) सञ्चालक समितिमा महिलाको प्रतिनिधित्व गराउन सुझाव ।

(ध) मल आयातमा तिव्रता दिन सुझाव ।

(न) आगामी साधारण सभा ऐनले निर्दिष्ट गरेको समय सिमा भित्रै गर्न सुझाव ।

(प) प्रमुख सुचाङक स्पष्ट भाषामा बुझने गरी राख्नु पर्ने । चाहिने शिर्षक समेत राखेर सुचाङक स्पष्ट रुपमा हुनु पर्ने सुझाव ।

(फ) बजारमा बेलावेलामा तथा बिशेष गरी चाडपर्वमा ग्यांस लगायत चिनीको अभाव हुने गरेको हुदा समयमानै यसको ब्यवस्थापन गर्न नेपाल सरकारसंग अनुरोध गर्न सुझाव ।

(ब) मलको अभावलाई न्यूनिकरण गर्न नेपाल सरकारसंग पहल गरी मल कारखाना खोल्न पहल गर्न सुझाव ।

१० **धन्यवाद तथा प्रशंसा प्रति आभार व्यक्तः**

छलफलको क्रममा प्रायशः सबै सहभागी शेयरधनीहरुले कर्पोरेशनको क्रियाकलापको सञ्हाना गर्नुको साथै कर्पोरेशनले निरन्तर रुपमा लांभाश दिंदै आएको, व्यापार विविधीकरणको नीति अपनाएको समिक्षा वर्षमा भएको मुनाफाबाट शेयरधनीहरुलाई १० प्रतिशत वोनश शेयर र पाच प्रतिशत वोनश शेयरमा लाग्ने कर समेतको प्रयोजनार्थ नगद लाभांश दिन सफल रहेकोमा सञ्हना गर्दै भविष्यमा सो गतिलाई अझ सुदृढ पार्न दिनु भएको सुझावहरु कर्पोरेशनले आगामी दिनहरुमा क्रमशः कार्यान्वयन गर्ने प्रयास गर्नेछ । सहभागी शेयरधनीहरुले व्यक्त गर्नुभएको मन्तव्य, विचार, प्रश्न तथा जिज्ञासाहरु रचनात्मक एवं सकारात्मक किसिमको रहयो । उहाहरुले कर्पोरेशनको काम कारवाहीमा गहिरो अभिरुचि राखी सञ्चालक समिति तथा व्यवस्थापनलाई थप मार्गदर्शन गरी कर्पोरेशनको मनोवल बढाउन सहयोग पुऱ्याउनु भयो । यसरी शेयरधनी महानुभावहरुले दिनुभएको रचनात्मक सुझाव एवं मार्गदर्शन प्रति सभापतिज्यूले आभार व्यक्त गर्नुभयो ।

११ **सभाको निर्णयः**

(क). **सामान्य प्रस्ताव**

१. **छपन्नौ वार्षिक साधारणसभाका लागि आर्थिक बर्ष २०७८र०७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

सामान्य प्रस्ताव अन्तर्गत छलफलको विषयसूचि न.१ को आर्थिक वर्ष २०७८/०७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर विस्तृत छलफल पश्चात सर्वसम्मतिबाट पारित गरियो ।

**आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन सहित सोही आ.व.को वासलात, नाफा–नोक्सान हिसाव र नगद प्रवाह विवरण उपर छलफल गरि पारित गर्ने ।**

सामान्य प्रस्ताव अन्तर्गत छलफलको विषयसूचि न.२ अनुसार आ.व.२०७८/०७९ को हिसाब जांची लेखापरीक्षकले दिनु भएको प्रतिवेदन उपर विस्तृत छलफल पश्चात् लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्त सम्मको वित्तिय अवस्थाको विवरण, नाफा वा नोक्सानी तथा अन्य बिस्तृत आयको विवरण नगद प्रवाह विवरण इक्विटीमा भएको परिवर्तन सम्वन्धि विवरण तथा लेखा टिप्पणीलाई स्वीकृतिका लागि सभा समक्ष राखेको प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

**लेखापरीक्षण समितिको सिफारीश अनुसार आर्थिक बर्ष २०७९/०८० को वित्तिय विवरण लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक अनुमोदन गर्ने (हालको लेखापरीक्षक श्री एन अमात्य एण्ड कम्पनी चार्टड एकाउण्टेण्टस् पून: नियुक्तिको लागि योग्य हुनुहुन्छ)**

सामान्य प्रस्ताव अन्तर्गत छलफलको विषय सूचि न. ३ अनुसार कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०७९/०८० को वार्षिक हिसाब लेखापरीक्षण गर्नको लागि लेखा परीक्षकको नियूक्ति र निजको पारिश्रमिक अनुमोदन गर्ने बारे सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले कम्पनी ऐन २०६३ को दफा १६४ अनुसार कर्पोरेशनको लेखापरीक्षण समितिले सिफारिश गरे अनुसार लेखापरीक्षक श्री एन अमात्य एण्ड कम्पनी चार्टड एकाउण्टेण्टलाई नियुक्ति गर्ने र लेखापरिक्षक शुल्क रु ५,००,०००।–(अक्षरेपी पांच लाख मात्र) (कर वाहेक) पारिश्रमिक दिने प्रस्ताव सर्वसम्मतिबाट अनुमोदन गरियो ।

**सञ्चालक समितिबाट प्रस्ताव भए बमोजिमको चुक्ता पूजिंको पाँच प्रतिशतका दरले नगद लाभांश वापत रु १,२६,७६,५६०।– वितरण गर्न स्वीकृत गर्ने ।(वोनश शेयर र नगद लाभांशको कर कट्टी नगद लाभांशबाट कट्टी गरि भुक्तानी गरिनेछ)**

सामान्य प्रस्ताव अन्तर्गत छलफलको विषयसूची न.४ अनुसार शेयरधनी महानुभावहरुलाई लगानीको प्रतिफललाई ध्यानमा राखी समिक्षा बर्षमा भएको मुनाफाबाट पाँच प्रतिशतका दरले नगद लाभांश वापत रु १,२६,७६,५६०।– (वोनश शेयर तथा लाभांश रकममा लाग्ने

कर प्रयोजनार्थ समेत) वितरण गर्न राखेको प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

५. **सञ्चालकहरुको बैठक भत्ता, भ्रमण भत्ता र सुविधा सम्वन्धमा**

छलफलको बिषय सूची नं ५ अनुसार कर्पोरेशनका सञ्चालकहरुको विगतमा निर्धारण गरेको बैठक भत्ता तथा भ्रमण खर्चलाई हालको समयानुसार पुनरावलोकन गर्न आवश्यक भई सञ्चालकहरुलाई निम्न बमोजिमको सुविधा शेयरधनी महानुभावहरुबाट प्रस्ताव गरिए बमोजिम सञ्चालकहरुको बैठक भत्ता, भ्रमण भत्ता र अन्य सुविधामा निम्न बमोजिम हुने गरि सर्वसम्मतले पारित भयो ।

(क) सञ्चालक समितिको अध्यक्षलाई प्रति बैठक रु १२,०००।–

(ख) सञ्चालकलाई प्रति बैठक रु १०,०००।–

(ग) ब्यापार प्रवर्धन खर्च वापत प्रति सञ्चालक मासिक रु १०,०००।–

(घ) सञ्चालकहरुको दैनिक भ्रमण भत्ता

| नेपाल राज्य भर (ने.रु) | भारत (यु.एस डलरं) | भारत बाहेक अन्य देशहरुमा (यु.एस.डलर) |
|---|---|---|
| ४,०००।– | २२५।– | ४०० |

१. भारतको चेन्नाई, हैदरावाद, बैग्लोर,मुम्वई, दिल्ली, कोलकाता वाहेक अन्य स्थानमा रात विताउनु पर्दा माथि उल्लेखित दरको पचास प्रतिशत रकम मात्र दिईनेछ ।

६. **सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद ७ (सात) जनाको निर्बाचन गर्ने ।**

सर्वसाधारण शेयरधनीहरुको तर्फबाट कर्पोरेशनको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद ७ (सात) को निर्वाचन कार्यक्रम रहेको र उक्त सञ्चालक पदको लागि १० (दश) जना ब्यक्तिहरुले उम्मेदवारी दिनु भएकोमा सञ्चालक पदको उम्मेदवार दिई उम्मेदवारको अन्तिम नामावलीमा समाबेस भएको शेयरधनी श्री देवेन्द्रभक्त श्रेष्ठ, श्री रश्मी श्रेष्ठ र श्री शम्भना श्रेष्ठले मतदानको कार्यक्रम प्रारम्भ हुनु अघि आफ्नो उम्मेदवारी फिर्ता लिन सभाका अध्यक्षज्यू समक्ष निबेदन दिनु भएको र अध्यक्षज्यूबाट उम्मेदवारी फिर्ता गर्ने स्विकृत गर्नु भई निर्वाचन अधिकृतलाई सोको जानकारी गराउनु भएकोलेसर्वसाधारण शेयरधनीहरुको तर्फबाट

सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने आवश्यक सञ्चालक पद ७ (सात) को लागि उम्मेदवारी पनि सातै जना ब्यक्तिको मात्र कायम रहन गई मतदानको कार्य अघि बढाउन आवश्यक नभएको कुरा निर्वाचन अधिकृत वरिष्ठ अधिबक्ता रामचन्द्र सुवेदीले सभालाई जानकारी गराउदै कायम रहेका तपसिल बमोजिमका उम्मेदवारहरु मात्र भएकोले आगामी चार वर्षका लागि तपसिल बमोजिमका उम्मेदवारहरु निर्विरोध निर्बाचित हुनु भएको कुरा निर्बाचन अधिकृतले सभामा घोषणा गर्नु भयो ।

तपसिल

१. श्री प्रदीपलाल श्रेष्ठ, ठहिटी,काठमाडौ ।
२. श्री नारायणदास मानन्धर, ठहिटी, काठमाडौ
३. श्री राजेन्द्रमान शेरचन, पकनाजोल, काठमाडौं ।
४. श्री राजेश कुमार श्रेष्ठ, झम्सीखेल ललितपुर ।
५. श्री सुनिल श्रेष्ठ, का.जि.का.म.न पा १६ ।
६. ए युनिट्स प्रा.लि.को तर्फबाट श्री शंकर प्रसाद पाण्डे
७. श्री अञ्जन श्रेष्ठ, मैतिदेवी, काठमाडौ ।

निर्वाचित उम्मेदवारहरुलाई निर्बाचन अधिकृतले फुलमालाद्धारा अभिनन्दन गर्दै प्रमाणपत्र दिई बधाई ज्ञापन गर्नु भयो ।

**(ख). विशेष प्रस्ताव**

१. **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कर्पोरेशनको हालको चुक्ता पूजींको १० प्रतिशतले हुने रकम रु २,५३,५३,११९।–वरावरको वोनश शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।**

बिशेष प्रस्ताव अन्तर्गत छलफलको विषयसूचि न.१ अनुसार शेयरधनी महानुभावहरुलाई लगानीको प्रतिफललाई ध्यानमा राखी समिक्षा बर्षमा भएको मुनाफाबाट कर्पोरेशनको हालको चूक्ता पूंजीको १० प्रतिशतले हुने रकम रु २,५३,५३,११९।–वरावरको वोनस शेयर जारी गर्ने राखेको बिशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

२. **कम्पनी ऐन २०६३ को दफा १०५(१) को खण्ड (ख) बमोजिम ऋण सुविधा लिने स्वीकृती उपर छलफल गरि पारित गर्ने ।**

विशेष प्रस्ताव अन्तर्गत छलफलको बिषयसूचि नं २ अनुसार कम्पनी ऐन २०६३ को दफा १०५ (१) को खण्ड (ख) बमोजिम कर्पोरेशनको हाल चूक्ता पुंजी रु २५ करोड ३५ लाख ३१ हजार १ सय मात्र भएको हुंदा कर्पोरेशनले

राष्ट्रिय ट्रेडिङ्ग कर्पोरेशन लि. केन्द्रीय कार्यालय, काठमाडौं सत्यमेव परं धनम्

नेपाल सरकारले दिएको जिम्मेवारी पुरा गर्न तथा बिभिन्न ब्यापारीक कारोवार गर्नको लागि चूक्ता पूंजि भन्दा बढी बिभिन्न बैंक तथा बित्तिय संस्थाहरुबाट कर्जा, सापट, सुबिधा लिनु पर्ने भएकोले बैंकिङ्ग सुबिधा प्राप्त गर्ने स्विकृतीको लागि सभा समक्ष राखिएको प्रस्ताव सञ्चालक समितिको स्विकृतमा उल्लेखित सुबिधा प्राप्त गर्न सर्वसम्मतीले स्विकृत गरियो ।

११.१ **प्रतिवद्धताः**

कर्पोरेशनले आफ्नो व्यावसायिक दक्षतालाई गतिशील बनाई सम्भव भएसम्म प्राप्त व्यावहारिक राय तथा सुझावहरुलाई कार्यान्वयन तथा आगामी दिनहरुमा अझ बढी सुधार गर्दै जाने प्रतिबद्धता सभापतिज्यूले व्यक्त गर्नु भयो ।

१२. **धन्यवाद ज्ञापनः**

शेयरधनी महानुभावहरुका जिज्ञासा, मन्तव्य, विचार, टिप्पणी र गहकिला सुझावहरु रचनात्मक तथा सकारात्मक भएको उल्लेख गर्दै कर्पोरेशनको कार्यमा निकै अभिरुचि राखी कर्पोरेशनको सञ्चालक समिति तथा व्यवस्थापनलाई मार्गदर्शन तथा प्रेरणा प्रदान गर्नु भएकोमा शेयरधनी महानुभावहरुलाई सभापतिज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

१३. **सभा विसर्जनः**

अन्त्यमा, सभामा उपस्थित सञ्चालक, नेपाल सरकार, नियमन निकाय तथा अन्य संस्थागत प्रतिनिधि, पर्यवेक्षकहरु, लगायत सम्पूर्ण शेयरधनी महानुभावहरुलाई धन्यवाद दिदै कर्पोरेशनको छपन्नौं वार्षिक साधारण सभा वेलुकी ५:३० बजे सभापति महोदयले विसर्जन गर्नुभयो ।

(प्रदिपलाल श्रेष्ठ)
अध्यक्ष

(उमेशकुमार ओझा)
कम्पनी सचिव